# फेदीखोला गाउँपालिका

## फेदीखोला, स्याङ्जा

## गाउँ कार्यपालिका बैठक संख्याः- ०१ -२०८२/०८३

आज मिति २०८२ साल श्रावण १७ गते शनिवारका दिन यस फेदीखोला गाउँपालिकाका अध्यक्ष श्री घनश्याम सुबेदीज्यूको अध्यक्षतामा सम्पत्ति करको दर विश्लेषण विषयमा गाउँ कार्यपालिका सदस्यहरु बीच छलफल गरी सम्मति कायम गर्ने गरी आहान गरिएको फेदीखोला गाउँ कार्यपालिकाको बैठक बस्यो। आजको गाउँ कार्यपालिकाको बैठकमा गाउँ कार्यपालिकाका सदस्यहरु, ए. डि. बि. टि. ए. टिमका विषय विज्ञ सदस्यहरु तथा गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरुको उपस्थिति निम्नानुसार रह्यो। साथै आजको बैठकबाट निम्नानुसारका निर्णयहरु गरियो ।

गाउँ कार्यपालिका बैठकको उपस्थिति पञ्जिका

| क्र. सं. | पद | अध्यक्ष र सदस्यहरुको नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री घनश्याम सुबेदी | | |
| २ | सदस्य | श्री देउ कुमारी गुरुङ | | |
| ३ | सदस्य | श्री अमृत क्षेत्री | | |
| ४ | सदस्य | श्री अविलास गुरुङ | | |
| ५ | सदस्य | श्री कृष्ण बहादुर रानाभाट | | |
| ६ | सदस्य | श्री ख्याम नारायण पौडेल | | |
| ७ | सदस्य | श्री डिल बहादुर गुरुङ | | |
| ८ | सदस्य | श्री सुमिता मिजार | | |
| ९ | सदस्य | श्री टेकमाया गुरुङ | | |
| १० | सदस्य | श्री सम्झना सुनार | | |
| ११ | सदस्य | श्री पार्वती कुमारी क्षेत्री | | |
| १२ | सदस्य | श्री सिमा वि.क. | | |
| १३ | सदस्य | श्री काले सार्की | | |
| १४ | सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत | श्री विष्णु प्रसाद पौडेल | | |

विशेष आमन्त्रित पदाधिकारीहरु, कर्मचारीहरु तथा विषय विज्ञहरुको उपस्थिती विवरण

ए. डि. बि. टि. ए. टिमका विषय विज्ञ सदस्यहरु

| सि.नं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १५ | टीम लिडर | राममणि दुवाडी | | |
| १६ | सम्पत्ति मूल्याङ्कन विज्ञ ए.डि.बि. | पुरुषोत्तम लामिछाने | | |
| १७ | | | | |

उपस्थिती पृष्ठ संख्या-२ (दुई) को १ (एक)

Scanned with CamScanner

## फेदीखोला गाउँपालिका
### गाउँ कार्यपालिकाको बैठक संख्याः ०१/२०८२-०८३

**मितिः २०८२ साल श्रावण १७ गते शनिवार**
**समयः विहान ०८:०० बजे**
**स्थानः फेदीखोला गाउँ कार्यपालिकाको कार्यालयमा रहेको गाउँ कार्यपालिका बैठक कक्ष**

**प्रस्तावहरुः**

१) सम्पत्तिको प्रकृतिको आधारमा सम्पत्ति करको उपयुक्त दर विश्लेषण र वैज्ञानिक मूल्य कायम सन्दर्भमा गाउँ कार्यपालिका सदस्यहरु बीच सम्मति कायम गर्ने ।

**निर्णयहरुः**

**निर्णय नं. १**

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२) धारा २२१ को उपधारा (२० र धारा २२६ को उपधारा (१) सँग सम्वन्धित अनुसूची -८ मा रहेको स्थानीय तहको अधिकारको सूचीमा समावेश क्रम संख्या ४ को स्थानीय कर भित्र पर्ने सम्पत्ति कर (घरजग्गा कर) को प्रयोजनको लागि गरिने घरजग्गा मूल्याङ्कनको बस्तुगत आधार (Objective Criteria) र विधिलाई वैज्ञानिक एवम् यथार्थपरक बनाउन आवश्यक रहेको छ । ADB TA Team का विज्ञ सदस्यहरुको सहजीकरणमा यस गाउँपालिकाको भौगोलिक अवस्था, घरजग्गाको वनौट, घरजग्गाको उपयोगको अवस्था, आर्थिक क्रियाकलाप लगायतका अन्य सान्दर्भिक पक्षहरुलाई समेत मध्यनजर गरी घरजग्गाको प्रचलित वजार मूल्य प्रतविम्वित हुने किसिमले तयार गर्न सुझाव गरिएको घरजग्गाको मूल्याङ्कनको आधारहरुमाथि सहमत हुँदै **फेदीखोला गाउँपालिकाको भू-उपयोग योजना तथा भू-उपयोग क्षेत्र वर्गिकरण कित्ता विवरण** अनुसार मालपोत तथा नापीमा हुने अभिलेख विवरणसँग तादाम्यता हुने गरी व्यवहारोपयोगी वनाउन आगामी दिनमा निरन्तर अभ्यासमा जाँदा आइपर्ने समस्या र चुनौतिहरुको समाधान गरी आगामी गाउँ कार्यपालिका बैठकवाट निर्णय गर्दै आ.व. २०८३/०८४ देखि पूर्ण रुपमा कार्यान्वयनमा लैजाने विषयमा आजको यस गाउँ कार्यपालिका बैठकमा निर्णय गरियो । यसलाई कार्यान्वयन गर्नको लागि आवश्यकतानुसारको प्राविधिक प्रतिवेदन एवम् उपयुक्त कानूनको मस्यौदा/प्रस्ताव गाउँ कार्यपालिका कार्यालयले तयार गर्ने गराउने एवम् उक्त कानूनको मस्यौदा/प्रस्ताव गाउँ कार्यपालिकाको बैठकमा छलफल सहित पारित गर्न र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने गराउने व्यवस्थाका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

फेदीखोला गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७७ को नियम ५ का उपनियम (३) बमोजिमको प्रत्यायोजित अधिकार प्रयोग गरी प्रमाणित गरिएको

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

फेदीखोला गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ को उपनियम (१) बमोजिमको प्रत्यायोजित अधिकार प्रयोग गरी प्रमाणित गरिएको

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. २</u>

वार्षिक रुपमा गरिँदै आएको वार्षिक समिक्षा कार्यक्रम सम्पादन गर्ने क्रममा गतआ.व. २०८१/०८२ को वार्षिक स्वीकृत नीति तथा कार्यक्रम र बजेट अनुसार गरिएका कार्यसम्पादन तथा क्रियाकलापहरुको वार्षिक समिक्षा कार्यक्रम यही श्रावण ३० र ३१ गते फेदीखोला गाउँ कार्यपालिकाको कार्यालयमा रहेको सभाहल (कोठा नं. ४०७) मा विहान १०:३० बजे देखि गर्ने र वार्षिक समिक्षा कार्यक्रमको आवश्यक सबै व्यवस्थापन वित्तिय व्यवस्थापन शाखा र पूर्वाधार विकास तथा विपद् व्यवस्थापन शाखा सँगको समन्वय एवम् सहकार्यमा प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखाले गर्ने गराउने निर्णय गरियो ।

फेदीखोला गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ को उपनियम (१) बमोजिमको प्रत्यायोजित अधिकार प्रयोग गरी प्रमाणित गरिएको

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner